सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# २०७५ साउन-असोज

# सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण




## राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

# राष्ट्रिय सूचना आयोग



कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त



किरण कुमार पोखरेल
सूचना आयुक्त



यशोदादेवी तिम्सिना
सूचना आयुक्त



मणिराम ओझा
सचिव

# स्वत प्रकाशन
## (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षकहरु उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७५ साउन-असोजको अवधिमा सम्पादित प्रमुख कार्यहरु अन्य निकायका लागि नमूना मागदर्शन समेत होस् भनी प्रकाशित गरेका छौ । यस अवधिमा प्रदेशहरु. १ नं. प्रदेश, ३ नं. प्रदेश, गण्डकी प्रदेश, ५ नं. प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेश गरी ६ वटा प्रदेशहरुका निर्वाचित जनप्रतिनिधिहरु मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरुसँग सूचनाको हकसम्बन्धी अभिमुखीकरण, अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । यसैगरी ६ वटै प्रदेशहरुमा सूचनाको हकको विषयलाई जनचेतनामूलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नको लागि प्रदेशका बरिष्ठ सञ्चारकर्मीहरुको लागि सूचनाको हक विषयमा प्रशिक्षाक प्रशिक्षण कार्यक्रम पनि सम्पन्न गरिएको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि चितवन, झापा जिल्लामा अनुगमन गरी सूचनाको हकको कार्यान्वयनमा जोड दिइएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ मा उल्लेखित विषयहरुमा माग भएका सूचनाहरु उपलब्ध नगराउनेहरुलाई यस आयोगमा प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा लगत कट्टा गर्ने एवं आदेश जारी गर्ने कार्य गरिएको छ । यसरी २०७५ साउन-असोजको अवधि सूचनाको हकको प्रचलनमा सन्दर्भमा उल्लेखनीय रहेको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सिलसिलामा आ.ब. २०७५।७६ सालको साउन, भदौ र असोज महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयं अग्रसर भै आ-आफ्नो विवरण सार्वजनिक गर्न आग्रह गरिन्छ ।

राष्ट्रिय सूचना आयोग

मिति : २०७५ कार्तिक ७ गते बुधवार

# विषय सूची


| | | |
|---|---|---|
| १. | आयोगको स्वरुप र प्रकृति | १ |
| २. | आयोगको काम, कर्तव्य र अधिकार | २ |
| ३. | आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण | ३ |
| ४. | आयोगबाट प्रदान गरिने सेवा | ५ |
| ५. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख | ७ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ७ |
| ७. | निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ७ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ८ |
| ९. | सम्पादन गरेको कामको विवरण | ८ |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम र पद | १० |
| ११. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | १० |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ११ |
| १३. | तोकिए बमोजिमका अन्य विवरण | १२ |
| १४. | अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु | १२ |
| १५. | सार्वजनिक निकायको वेबसाइट | १३ |
| १६. | सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण | १३ |
| १७. | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन | १४ |
| १८. | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली | १६ |
| १९. | सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय | १६ |
| २०. | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण | १६ |

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

## आ.व. २०७५/०७६ (२०७५ श्रावणदेखि २०७५ असोजसम्म)

### १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो। यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ। नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ। आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ। हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर–१०, काठमाडौंमा रहेको छ।

**क) आयोगको दुरदृष्टि**

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको श्रृजना गर्ने।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिवृद्धि गर्ने।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिवृद्धि गर्ने।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरुमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरुलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिवृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने।

**घ) रणनीतिक प्राथमिकताहरु**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिवृद्धि गर्ने।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरुको अभिवृद्धि गर्ने।

## २. आयोगको काम, कर्तव्य र अधिकार

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने।

२.२. सूचनादाताको संरक्षण गर्ने।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा

सिफारिस गर्ने ।


२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ। हाल आयोगमा देहाय बमोजिमको ३९ स्विकृत दरवन्दी अनुसारका कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३९ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २१ जना |
| ३.३ | करार सेवा कर्मचारी | १८ जना |

### राष्ट्रिय सूचना आयोगको संगठन संरचना



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् :**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने।
- जिन्सी व्यवस्थापन गर्ने।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरुको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने।
- गोष्ठी/सेमिनारहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने।
- कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने।
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने।

## ४. आयोगबाट प्रदान गरिने सेवा :

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने।

४.२. सूचनादाताको संरक्षण गर्ने।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने।

४.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।

४.११ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि।

# राष्ट्रिय सूचना आयोगको

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव श्री बाबुराजा श्रेष्ठ<br>– कानुन अधिकृत श्री दिपक घिमिरे<br>– शाखा अधिकृत श्री मन्दिरा महर्जन<br>– नायव सुब्बा | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने। | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने। आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने। | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | – उप सचिव श्री बाबुराजा श्रेष्ठ<br>– शाखा अधिकृत श्री सुभाष न्यौपाने | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने। | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव श्री मणिराम ओझा | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | भुई तल्ला | सह सचिव : श्री गीता कुमारी होमेगाई<br>उप सचिव श्री राजु भण्डारी<br>शाखा अधिकृत श्री हरि प्रसाद भट्टराई | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने। | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव श्री मणिराम ओझा | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | बाबुराजा श्रेष्ठ मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

**५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख**

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | श्री राजु भण्डारी | उप सचिव | |
| | | श्री हरि प्रसाद भट्टराई | शाखा अधिकृत | |
| | | श्री मोहनबहादुर बुढाथोकी | नायव सुब्बा | |
| | | श्री रबिन गौतम | कम्प्युटर अपरेटर | |
| २. | योजना प्रवर्द्धन शाखा | श्री बाबुराजा श्रेष्ठ | उप सचिव | |
| | | श्री सुभाष न्यौपाने | शाखा अधिकृत | |
| ३. | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | श्री बाबुराजा श्रेष्ठ | उप सचिव | |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | |
| | | श्री दिपक घिमिरे | कानुन अधिकृत | |
| | | श्री | शाखा अधिकृत | |
| | | श्री | नायव सुब्बा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ९. | सचिवालय | श्री | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त |
| | | श्री | शाखा अधिकृत | सूचना आयुक्तद्वय |
| | | श्री प्रमिता शर्मा | शाखा अधिकृत | सचिव |
| १०. | आर्थिक प्रशासन शाखा | श्री झलक शर्मा पौडेल | लेखा अधिकृत | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।— दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

### निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ। कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ। ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन्।

**निर्णय गर्ने अधिकारी**

सचिव श्री मणिराम ओझा।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

सचिव श्री मणिराम ओझा।

## ९. सम्पादन गरेको कामको विवरण (२०७५ श्रावण–असोज)

### ९.१ सूचनाको हकसम्बन्धी अभिमूखीकरण कार्यक्रम

आयोगले राज्यको पुनसंरचना अनुसार गठित स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका) प्रमुख/उप प्रमुख एंव प्रशासकीय अधिकृतहरुलाई आफ्नो निकायमा कसरी सूचनाको हकको प्रभावकारी प्रचलन गराउन सकिन्छ भन्ने विषयमा अन्तरक्रिया गरेको थियो जसमा प्रत्येक स्थान तहबाट प्रमुख वा उप प्रमुख मध्ये १ र प्रशाकीय अधिकृत १ रहने गरी अन्तरक्रिया सञ्चालन गरिएको थियो। जसको विवरण यसप्रकार रहेको छ।

| क्र.सं. | प्रदेश नं. | कार्यक्रम आयोजना गरिएको स्थान | सहभागी भएका जिल्ला र संख्या | जम्मा सहभागी | कैफियत |
|---|---|---|---|---|---|
| १. | १ | सुनसरी, इटहरी | झापा, मोरङ सुनसरी र धनकुटाका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी ५१ स्थानीय तह | प्रमुख/उप प्रमुख र प्रशाकीय अधिकृत गरी ३ जना गरी १४९ जना | |
| २. | ३ | काठमाडौँ | १३ वटा जिल्लाका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी ११९ स्थानीय तह | प्रमुख वा उप प्रमुख र प्रशाकीय अधिकृत गरी २ जना गरी १७३ जना | |
| ३. | गण्डकी प्रदेश | कास्की, पोखरा | ११ सबै जिल्लाबाट महानगरपालिका, नगरपालिका र गाउँपालिका | प्रमुख वा उप प्रमुख र प्रशाकीय अधिकृत गरी २ जना गरी १३० जना | |
| ४. | ५ | दाङ, घोराही | सवै १२ जिल्लाबाट उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी १०९ स्थानीय तह | प्रमुख वा उप प्रमुख र प्रशाकीय अधिकृत गरी २ जना गरी १७३ जना | |
| ५. | कर्णाली प्रदेश | सुर्खेत, विरेन्द्रनगर | जाजरकोट, सल्यान, सुर्खेत र दैलेख जिल्लाका नगरपालिका र गाउँपालिका गरी ३७ स्थानीय तह | प्रमुख/उप प्रमुख र प्रशाकीय अधिकृत गरी ३ जना गरी १२५ जना | |
| ६. | सुदूर पश्चिम प्रदेश | धनगढी | डडेल्धुरा, कञ्चनपुर, डोटी, कैलालीबाट उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी ३८ स्थानीय तहहरु | प्रमुख/उप प्रमुख र प्रशाकीय अधिकृत गरी ३ जना गरी ९० जना | |

### ९.२ सूचनाको हकसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम

सञ्चारकर्मी राज्यबाट भए/गरेका काम कारवाहीहरुलाई नागरिक समक्ष र नागरिकका इच्छा, चाहना, माग, आवश्यकता लगायतका विषयलाई सचारका माध्यमबाट राज्य समक्ष पुऱ्याउने प्रभावकारी माध्यमका रुपमा रहेको पाइन्छ। समाचार सूचना प्रकाशनको प्रमुख माध्यम हो। यहि तथ्यलाई मनन् गरी सूचनाको हक प्रभावकारी कार्यान्वयनका लागि सञ्चारकर्मीहरुको भूमिका र कस्तो रहने, कसरी सरकार र नागरिक बीच सहकार्य गर्न सकिन्छ लगायतका विषय समेटेर राष्ट्रिय सूचना आयोगले सञ्चारकर्मीहरुलाई सूचनाको हक सम्बन्धमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

आर्थिक वर्ष २०७५।०७६ मा आयोगले ६ वटै प्रदेशमा सञ्चारकर्मीहरुलार्य दुईदिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेका थियो। जसमा पत्रका महासंघ जिल्ला कार्यालयबाट सहभागीको नाम माग गरी कार्यक्रम सञ्चालन गरिएको थियो। यसको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | प्रदेश नं. | सहभागी भएका जिल्ला र संख्या | जम्मा सहभागी | कैफियत |
|---|---|---|---|---|
| १. | १ | झापा, मोरङ सुनसरी र धनकुटाबाट ७/७ जना | ३१ | |
| २. | ३ | १३ वटा जिल्ला सबैबाट २ जनाका दरले | २६ जना | |
| ३. | गण्डकी प्रदेश | कास्की, स्याङजा तनहुँ र बाग्लुगंबाट ७/७ जनाको दरले | ३० जना | |
| ४. | ५ | सवै १२ जिल्लाबाट प्रत्येक जिल्लाबाट २ जनका दरले | २४ जना | |
| ५. | कर्णाली प्रदेश | जाजरकोट, सल्यान, सुर्खेत र दैलेख जिल्लाबाट ४/४ जना र थप २ जना गरी | ३० जना | |
| ६. | सुदूर पश्चिम प्रदेश | डडेल्धुरा, कञ्चनपुर, डोटी, कैलालीबाट ४/४ जना र ३ जना थप | ३१ जना | |

### ९.३ राष्ट्रिय सूचना आयोगको दिवस तथा समारोह कार्यक्रम

| क्र.सं. | कार्यक्रमको नाम | प्रमुख अतिथि |
|---|---|---|
| १. | आयोगको स्थापना दिवस (भाद्र ३) | सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यू |
| २. | अन्तर्राष्ट्रिय सूचना दिवस (थाहा दिवस, सेप्टेम्बर २८) | सम्माननीय प्रधानन्यायाधीश श्री ओम प्रकाश मिश्रज्यू |

**९.४ सूचनाको हकसम्बन्धी अनुगमन कार्यक्रम**

| क्र.सं. | जिल्ला | अनुगमन गर्ने पदाधिकारी |
|---|---|---|
| १. | चितवन | सचिव श्री मणिराम ओझा र कर्मचारी सहित |
| २. | झापा | सचिव श्री मणिराम ओझा र कर्मचारी सहित |

**९.६ नोटिस वोर्ड सेवाः १६१८०७०७८२४२६ मा सम्पर्क गरी आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने ।**

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

१. कार्यालय प्रमुख सचिव श्री मणिराम ओझा

२. सूचना अधिकारी उपसचिव श्री बाबुराजा श्रेष्ठ

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरुको आचारसंहिता,२०७१
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### २०७५ साल आश्विन महिनाको खर्चको फांटवारी

व.उ.शि नं. ३५८०१५३
कार्यालय कोड २७।३५८।१४

| यस महिनाको खर्च | गत महिना सम्मको खर्च | खर्च शिर्षक | वजेट संकेत न. | वार्षिक वजेट | यस महिना सम्मको खर्च | वजेट वांकी |
|---|---|---|---|---|---|---|
| १४३५८७२।९० | १८०५८४१।१ | २११११ | तलव | १६८०००००।० | ३२४१७१४।०० | १३५५८२८६।० |
| २६८६७।०० | ७००००।० | २१११३ | महंगि भत्ता | ३०००००।० | ९६८६७।०० | २०३१३३।० |
| ५०००।०० | ०।० | २१११९ | अन्य भत्ता | ५०००००।० | ५०००।०० | ४९५०००।० |
| ०।०० | ०।० | २११२१ | पोषाक | ३०००००।० | ०।०० | ३०००००।० |
| ०।०० | ०।० | २११२३ | औषधि उपचार | १०००००।० | ०।०० | १०००००।० |
| ४५००।०० | ८३४१५।० | २२१११ | पानी तथा विजुली | ५०००००।० | ८७९१५।०० | ४१२०८५।० |
| २२००।०० | ५३६०७।० | २२११२ | संचार | ५०००००।० | ५५८०७।०० | ४४४१९३।० |
| ९४२८००।०० | ४६०४६।० | २२१२१ | घर भाडा | ३४०००००।० | ९८८८४६।०० | २४१११५४।० |
| ७८४३०।०० | २९७७८०।० | २२२११ | इन्धन | १००००००।० | ३७६२१०।०० | ६२३७९०।० |
| ५५००।०० | १३३९७।० | २२२१२ | संचालन तथा मर्मत | ५०००००।० | १८८९७।०० | ४८११०३।० |
| ०।०० | ०।० | २२२१३ | वीमा | २०००००।० | ०।०० | २०००००।० |
| २४०००।०० | ९८६०५।० | २२३११ | कार्यालय संवन्धित खर्च | १२०००००।० | १२२६०५।०० | १०७७३९५।० |
| ३३५९७।०० | ०।० | २२३१३ | पुस्तक तथा सामाग्री | १०००००।० | ३३५९७।०० | ६६४०३।० |
| ०।०० | १०५००।० | २२३१४ | इन्धन अन्य प्रयोजन | २०००००।० | १०५००।०० | १८९५००।० |
| ०।०० | ०।० | २२४११ | सेवा र परामर्श | २०००००।० | ०।०० | २०००००।० |
| ४०७२४०।०० | ४०७२४०।० | २२४१२ | अन्य सेवा | ३००००००।० | ८१४४८०।०० | २१८५५२०।० |
| ३८८९८८।०० | ३९०८००।० | २२५२२ | कार्यक्रम | १९८०००००।० | ७७९७८८।०० | १९०२०२१२।० |
| ६६५०।०० | ३०५५०।० | २२६११ | अनुगमन मुल्याकन | ८०००००।० | ३७२००।०० | ७६२८००।० |
| १७५००।०० | ०।० | २२६१२ | भ्रमण खर्च | १०००००।० | १७५००।०० | ८२५००।० |
| ४३५९०।०० | ९८२४६।० | २२७११ | विविध | ४०००००।० | १४१८३६।०० | २५८१६४।० |
| ३४२२७३४।९० | ३४०६०२७।१ | | जम्मा | ४९९०००००।० | ६८२८७६२।०० | ४३०७१२३८।० |

**१३. तोकिए बमोजिमका अन्य विवरण :**

– आ.व. ०७५/७६ (साउन–असोज) मा उजुरी,निवेदन र पुनरावेदनको विवरण ८८ वटा

**१४. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरू:**

आ.व.२०७४।७५ मा आयोगवाट सम्पादित प्रवद्धर्नात्मक कार्यक्रमबाट प्राप्त उपलब्धीको एक झलक :

**क) अभिमुखीकरण /MIS Orientation / अनुगमन**

| सि. नं. | जिल्ला |
|---|---|
| १. | झापा |
| २. | गोरखा |
| ३. | दोलखा |
| ४. | काठमाडौँ |
| ५. | ललितपुर |
| ६. | भक्तपुर |
| ७. | बाग्लुङ |
| ८. | मोरङ |
| ९. | बाँके |
| १०. | चितवन |
| ११. | जुम्ला |
| १२. | ताप्लेजुङ |
| १३. | धनुषा |
| १४. | मोरङ |

**ख) अन्तरक्रिया/विद्यालय कार्यक्रम**

| सि. नं. | जिल्ला |
|---|---|
| १. | ताप्लेजुङ |
| २. | संखुवासभा |
| ३. | खोटाङ |
| ४. | पाँचथर |
| ५. | दार्चुला |
| ६. | भोजपुर |
| ७. | बझाङ |

**१५. सार्वजनिक निकायको वेवसाइट :**

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट **www.nic.gov.np** रहेको छ।

**१६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरणः**

२०७३ असार २३ गते आयोग र Governance Facility Nepal बीच पञ्चवर्षीय रणनीतिक कार्य योजना अन्तर्गत दोस्रो चरण प्रारम्भ भएको। GF (Governance Facility) Nepal परियोजनाबाट करिव रु. ८ करोडको अनुदान सहयोग प्राप्त भइ यस परियोजना (२०१६–२०१८) मा संचालन हुने गरी सम्झौता भएअनुसार सञ्चालन भैरहेको छ।

## १७. बजेट तथा कार्यक्रम :

| क्र.सँ. | विवरण | इकाइ | आ.व.०७५/७६ को लक्ष्य | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | |
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | ३ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| आ) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरू | | | | | | | | | | | | | | |
| १ | दिवस तथा समारोह मनाउने कार्यक्रम | | | | | | | | | | | | | | |
| | १.१ राष्ट्रिय सूचना दिवस मनाउने (भाद्र ३) | वटा | १ | | ६९५ | १ | | ६९५ | | | | | | | |
| | १.२ अन्तर्राष्ट्रिय सूचना दिवस (थाहा दिवस) मनाउने (सेप्टेम्बर २८) | वटा | १ | | ६०० | १ | | ६०० | | | | | | | |
| | १.३ आयोग स्थापना दिवस मनाउने (वैशाख २२) | वटा | १ | | ६०० | | | | | | | १ | | ६०० | |
| २ | प्रवर्द्धनात्मक कार्यक्रम | | | | | | | | | | | | | | |
| | २.१ नेपाल टेलिभिजनमार्फत सूचनाको हकसम्बन्धी कार्यक्रम उत्पादन र प्रसारण | पटक | १० | | १३०० | २ | | २६० | ४ | | ५२० | ४ | | ५२० | |
| | २.२ रेडियो नेपालमार्फत सूचनाको हक सम्बन्धी कार्यक्रम उत्पादन र प्रसारण | पटक | १६ | | ५०० | ४ | | १२५ | ६ | | १९० | ६ | | १८५ | |
| | २.३ गोरखापत्रमा जानकारीमूलक सामग्री प्रकाशन | पटक | १५ | | ५०० | ५ | | १६५ | ५ | | १६५ | ५ | | १७० | |
| ३ | माग पक्षको सवलीकरण कार्यक्रम | | | | | | | | | | | | | | |
| | ३.१ सूचनाको हकको राष्ट्रिय सम्मेलन | पटक | १ | | ८०० | | | | | | | १ | | ८०० | |
| | ३.२ विद्यार्थीलाई दिइने अभिमुखीकरण | विद्यालय | ८ | | ६०० | २ | | १५० | ३ | | २२५ | ३ | | २२५ | |
| | ३.३ सूचनाको हकमा महिला सशक्तिकरण | वटा | २ | | ३०० | | | | २ | | ३०० | | | | |
| | ३.४ हेल्पलाइन सञ्चालन गर्ने | वटा | १ | | ३०६ | १ | | ३०६ | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | वैदेशिक अतिथि भ्रमण कार्यक्रम | पटक | १ | | ७०० | | | | १ | | ७०० | | | | |
| ५ | कार्यालय प्रमुख सूचना अधिकारी लगायतसँग अन्तरक्रिया | जिल्ला | १२ | | ३५०० | २ | | ६०० | ५ | | १५०० | ५ | | १४०० | |
| ६ | संस्थागत क्षमता विकास | | | | | | | | | | | | | | |
| | ६.१ आयोगको प्रकाशनः कार्यविधी ब्रोसियर निर्देशिका आदि छपाई | प्रति | १०००० | | १००० | | | ४०० | | | ३०० | | | ३०० | |
| | ६.२ कर्मचारी क्षमता अभिबृद्दि | वटा | २ | | ४५० | | | | २ | | ४५० | | | | |
| ७ | अध्ययन/अनुसन्धान प्रकाशन | | | | | | | | | | | | | | |
| | ७.१ आर टि आइ अडिट (मन्त्रालय) | वटा | २१ | | ११०० | | | | २१ | | ११०० | | | | |
| | ७.२ वार्षिक प्रतिवेदन लेखन तथा छपाइ (नेपाली तथा अंग्रेजी) | वटा | २ | | ७०० | २ | | ७०० | | | | | | | |
| ८ | अनुगमन तथा मूल्यांकन सम्बन्धी | | | | | | | | | | | | | | |
| | ८.१ हुलाक कार्यालयबाट सूचनाको हकको अनुगमन | जिल्ला | ७७ | | १९९९ | | | | ७७ | | १९९९ | | | | |
| | ८.२ जिल्ला प्रशासन कार्यालयबाट सूचनाको हकको कार्यान्वयन | जिल्ला | ७७ | | २००० | | | | ७७ | | २००० | | | | |
| | ८.३ नेपाल पत्रकार महासंघ मार्फत सूचनाको हक सम्बन्धी कार्यक्रम | जिल्ला | ७७ | | १६०० | ७७ | | १६०० | | | | | | | |
| ९ | पुरस्कार एवं सम्मान कार्यक्रम | | | | | | | | | | | | | | |
| | ९.१ उत्कृष्ट सूचना अधिकारी पुरस्कार | जना | ५ | | २७५ | ५ | | २७५ | | | | | | | |
| | ९.२ अभियन्तालाई पुरस्कार | जना | ५ | | २७५ | ५ | | २७५ | | | | | | | |
| ख) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरूको जम्मा | | | | १९८०० | | | ६१५१.०० | | | ९४४९.०० | | | ४२००.०० | |
| ग) | जम्मा (क + ख) | | | | ३०१०० | | | | | | | | | | |
| घ) | अन्य चालु खर्च जम्मा | | | | ४९९०० | | | ०.०० | | | ०.०० | | | ०.०० | |

**१८.** **आयोगले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली: सबै सूचना खुल्ला रहेको ।**

**१९.** **आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन : माग नभएको ।**

**२०.** **यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

२०.१ बार्षिक प्रतिवेदन २०७३।०७४ सम्म

२०.२ सचित्र पुस्तिका

२०.३ सूचनाको सन्देश

२०.४ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data-OGD)

२०.५ Guidelines of Public Information Officers (PIOS)

२०.६ आयोगका जानकारीमूलक Brochure

२०.७ National Startegic Plan of Action (NSPA)

२०.८ Right to Information (RTI) Journal

२०.९ Proactive Disclosure Management System (PDMS)

२०.१० Management Information System (MIS) Guidebook

२०.११ सूचनाको सन्देश (पाठ्यसामग्री)

२०.१२ शिक्षाक स्रोत सामग्री (सूचनाको हक र सुशासन)

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ।**

फोन नं ०१–४४६४४१२, ४४९६५४४
फ्याक्स : ०१–४४९६५४५
ईमल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
Helpline: 01-4496544
Audio Notice :1618070782426

# राष्ट्रिय सूचना आयोग

देवीनगर, बानेश्वर-१०, काठमाडौं ।

फोन नं ०१-४४६४४१२, ४४९६५४४

फ्याक्स : ०१-४४९६५४५

इमेल : info@nic.gov.np वेबसाईट : www.nic.gov.np

Helpline:Audio Notice :1618070782426


मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस । बबरमहल, काठमाडौं । फोन नं. ४२२५६९६